म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ११७ २०८२ चैत ६ गते शुक्रबार 20 March 2026, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

**टन्सिलका लक्षणहरू**

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिँलेकाहीँ सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिँलेकाहीँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन ।

यस्ता लक्षण देखिएमा चिकित्ससँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती प्रदेश

# ५ महिनादेखि प्रदेशसभा बैठक ठप्प

समाज संवाददाता

हेटौंडा : गत माघ १९ गते बागमती प्रदेशसभाको ८ औं वार्षिकोत्सव मनाइयो । जेनजी आन्दोलनपछि सुनसान बनेको बागमती प्रदेशसभाको ८ औं वार्षिकोत्सव पहिले जस्तो भने थिएन । जेनजी आन्दोलनपछि सुस्ताएको प्रदेशसभा बैठक हालसम्म बस्न सकेको छैन ।

गत साउन २७ मा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको विश्वासको मतसम्बन्धी प्रस्ताव माथि छलफलका लागि बसेको थियो । मुख्यमन्त्री बानियाँले विश्वासको मत पाए लगत्तै अनिश्चित कालका लागि स्थगन भएको बैठक हालसम्म संचालन हुन सकेको छैन । विगत ५ महिनादेखि प्रदेशसभा बैठक ठप्प छ ।

भदौ २३ र २४ को जेनजी आन्दोलनमा प्रदेशका महत्वपूर्ण संरचनाहरु ध्वस्त बने । जसमा बागमती प्रदेशसभा पनि समावेश छ । साउन २७ पछि प्रदेशसभा सचिवालय पनि खासै सक्रिय बन्न सकेन । ध्वस्त बनेको संरचना व्यवस्थापन, बैठक संचालनका लागि हल मर्मतका लागि सचिवालय ३ महिनापछि मात्र सक्रिय बन्यो । तर, बैठक बस्न सकेन । जेनजी आन्दोलन कै क्रममा प्रदेशसभाका अभिभावक 'सभामुख' भुवनकुमार पाठकले राजीनामा दिए । असोज १ मा प्रदेशसभामा दर्ता भएको सभामुख पाठकको राजीनामा बारे जानकारी दिन पनि बैठक आह्वान भएन ।

प्रदेश सरकारले मंसिर ३ मा गरेको सिफारिस अनुसार प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले प्रदेशसभाको अधिवेशन नै अन्त्य गरे । जसका कारण उपसभामुख अप्सरा चापागाईले सार्वजनिक सूचना मार्फत् सभामुख पाठकको राजीनामा बारे सभाका सदस्यहरुलाई जानकारी गराइन् । जेनजी आन्दोलनपछि पटक-पटक सरकारले प्रदेशसभा बैठकको भाखा राख्यो तर, बैठक आह्वान गर्नै सकेन । सुरुवतामा जेनजी आन्दोलन, चाडपर्व हुँदै विपद्का घटनापछि निर्वाचनको विषयलाई लिएर सरकारले प्रदेशसभा बैठक आह्वान गर्न उचित ठानेन । सोही क्रममा माघ १९ मा भग्नावषेशमा नै प्रदेशसभाको वार्षिकोत्सव मनाइयो । उक्त समारोहका प्रमुख अतिथिका रुपमा रहेका प्रदेश प्रमुख देवकोटाले लोकतन्त्रको मन्थन हुने प्रदेशसभालाई बन्धक बनाउँदा लोकतन्त्र प्रति नै अनादर हुने बताएका थिए ।

सो कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले निजामती कर्मचारीप्रति चर्को आक्रोश पोखेका थिए । प्रदेश सरकारले गरेका निर्णयहरु कार्यान्वयनमा आनाकानी गरेको प्रति उनले कर्मचारीप्रति असन्तुष्टि राखेका थिए । सरकारका निर्णय कार्यान्वयन नभएको विषयमा असन्तुष्ट बनेका मुख्यमन्त्री बानियाँ संसद बोलाउन अझै अलमल गरिरेहका छन् । उनी अझै प्रदेशसभामा रहेको राजनीतिक 'डेडलक' फुकाउन तत्पर देखिँदैनन् । कारण हो, बागमती प्रदेशसभाको रिक्त सभामुख पद । उक्त पदमा कांग्रेस, एमाले र माओवादी केन्द्रको (हाल नेकपा) को दावी छ । बागमती प्रदशेमा कांग्रेस एमालेको बहुमतको सरकार रहेको छ । सरकारको नेतृत्व कांग्रेसले गरेको छ भने एमालेले उपसभामुख लिएको छ । रिक्त रहेको सभामुख पदमा एमाले कांग्रेसले दावी गर्दा लामो समयदेखि प्रदेश सभामा 'डेडलक' कायम रहेको छ ।

सत्ता समीकरणको खिचातानी र सभामुख चयनमा देखिएको विवादका कारण प्रदेशसभा 'राजनीतिक डेडलक' (गतिरोध) मा फसेको हो । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले राजीनामा दिएपछि नयाँ सभामुख चयन गर्नुपर्ने टड्कारो आवश्यकता छ । संवैधानिक प्रावधान अनुसार संसदको बैठकमा सभामुखको राजीनामा बारे जानकारी गराइएको ३० दिनभित्र निर्वाचन प्रक्रिया मार्फत् सभामुख चयन प्रक्रिया सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ ।

तर, सरकारको नेतृत्व गरिरहेको कांग्रेस र सत्ता साझेदार नेकपा एमालेबीच सभामुख पद र शक्ति बाँडफाँडमा कुरा मिल्न सकेको छैन । सत्तापक्षभित्रै सहमति नहुँदा र प्रतिपक्षले पनि यसैमा आफ्नो राजनीतिक लाभ खोज्दा प्रदेश सभाको बैठक अनिर्णयको बन्दी बनेको हो । मुख्यमन्त्री बानियाँ संघीय सरकार गठनपछि मात्र बैठक आह्वान गर्ने तयारीमा देखिएका छन् । संघीय संसद र सरकार गठनपछि केन्द्रको सिनारियो अनुसार प्रदेशसभा बैठक डाक्ने उनको योजना रहेको छ ।

### चैत महिनाभित्रै बैठक : उपसभामुख चापागाईं

बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईंले संघीय संसद्को बैठक सुरु भएपछि मात्र प्रदेशसभाको बैठक र सभामुख चयनको प्रक्रिया अगाडि बढाउने तयारीमा भइरहेको बताइन् । उपसभामुख चापागाईंले प्रदेशसभा सचिवालय बैठकका लागि पूर्णरुपमा तयार रहे पनि सरकार (मन्त्रिपरिषद्) ले निर्णय नगर्दा ढिलाइ भएको स्पष्ट पारिन् । उपसभामुख चापागाईंका अनुसार राजनीतिक समीकरण र संघीय सरकारको कार्यदिशा हेरेर मात्र प्रदेशसभालाई अगाडि बढाउने मनस्थितिमा मुख्यमन्त्री देखिएका छन् ।

'मैले मुख्यमन्त्रीज्यूसँग यसबारे छलफल गरिरहेकी छु । उहाँले माथिको हाउस (संघीय संसद्) बसोस् अनि सुरु गरौंला भन्नुभएको छ । तर माननीयज्यूहरु सदनमा बोल्नका लागि आतुर हुनुहुन्छ ।' उनले भनिन्, 'अहिले सदनमा अहिले पर्याप्त बिजनेस छ । तीनवटा नयाँ विधेयक आउँदैछन् । दुईवटा पहिलेकै छन् र एउटा हाउसमा छ । हामीले निरन्तर हाउस चलाउन सक्छौं अब बोलाउने काम सरकारको हो । हामीले त व्यवस्थापन गर्ने गरी तयारी गरिसकेका छौं ।'

उनले मन्त्रिपरिषद्को निर्णय र प्रदेश प्रमुखको आह्वानबिना सचिवालयले मात्र केही गर्न नसक्ने बताइन् । प्राविधिक रुपमा म आफैँले आह्वान गर्न मिल्ने भए उहिल्यै गरिसक्थेँ उनको भनाई छ । उनका अनुसार निर्वाचन र पछिल्लो राजनीतिक परिवर्तनका कारण प्रदेशसभाका कतिपय नियमित गतिविधि रोकिएको भए पनि अब ती क्रमश: सुरु हुने उनले बताइन् । जिल्लास्तरमा गरिने कानुनी अन्तर क्रियाका कार्यक्रमहरु १० गतेदेखि सुरु हुने तय भएको उनको भनाई छ । उपसभामुख चापागाईंले चैत महिनाभित्रै प्रदेशसभाको बैठक बस्नेमा आफू सकारात्मक रहेको उल्लेख गरिन् ।

### संघीय सरकार गठनपछि बैठक : मन्त्री बादे

बागमती प्रदेशका सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादेले संघीय सरकारको गठन र राजनीतिक स्थिरतापछि मात्र प्रदेशसभाको आगामी अधिवेशन बोलाइने बताए । मन्त्री बादेले प्रदेश सरकार अहिले संघीय सरकारको समीकरण र गठनको प्रक्रियालाई पर्खिरहेको बताए ।

उनले संघीय सरकार गठन भइसकेपछि मात्र प्रदेशसभाको बैठक र अन्य प्राविधिक प्रक्रियाहरु अगाडि बढ्ने बताए । उनका अनुसार प्रदेशसभाको बैठक सञ्चालनका लागि हलको समस्याले कठिनाइ भएको हो । हालका लागि नगरपालिका पछाडिको हलमा हिउँदे अधिवेशन गर्ने तयारीबारे छलफल भइरहेको र दीर्घकालीन रुपमा नयाँ ठाउँमा स्थायी संरचना बनाउनुपर्ने आवश्यकता रहेको उनले बताए ।

'संविधानले तोकेको ६ महिनाको अवधि कट्दैन । हामी कानुन र विधिभित्रै रहेर चल्छौं ।' उनले भने, 'यस विषयमा अनौपचारिक गफगाफ भइरहेको भए पनि संघीय सरकारको स्पष्ट खाका आएपछि मात्र औपचारिक निर्णय हुने छ । आगामी दुई-तीन दिनभित्र यसबारे थप प्रस्ट हुनेछ । संघीय सरकारको केही प्राविधिक जटिलताका कारण प्रदेशमा तत्काल निर्णय लिन अप्ठ्यारो परेको भन्दै उनले अबको केही दिनमा सबै प्रक्रियाले गति लिने छ ।'

### तत्काल बोलाउनुपर्छ : थपलिया

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रदेशसभाको बैठक तत्काल बोलाउनु पर्ने बताए । लामो समयदेखि प्रदेशसभाको बैठक बस्न नसक्दा जनताका मुद्दाहरु ओझेलमा परेकाले उनले बैठक आह्वानमा ढिलाइ नगर्न नहुने बताए । नेता थपलियाले सरकारले भौतिक पूर्वाधार (बैठक हल) को समस्या देखाएर प्रदेश सभा बैठक पन्छाउन नहुने बताए । मुख्यमन्त्रीले संघीय सरकारको गठन प्रक्रियालाई कुरेका कारण प्रदेशसभाको बैठकमा ढिलाइ भएको उनले बताए ।

'संसद् चाँडो बोलाउनुपर्छ भन्ने हाम्रो निरन्तर दबाब छ । हामी छलफलमा पनि छौं । सरकारमा रहेका साथीहरुले हल तथा समयको समस्या देखाएर बैठक बोलाउन कठिन भएको भन्नु भएको छ । तर जनताका समस्या र प्रदेशसभा सदस्यहरूले आफ्ना क्षेत्रका कुरा राख्ने मञ्चलाई यसरी अवरुद्ध गर्नु हुँदैन । तत्काल बैठक बोलाउनुपर्छ भन्नेमा हामी साझेदार दलको हैसियतमा सचेत छौं ।'

सभामुख चयनको विषयमा सत्ता साझेदार दलहरुबीच कुनै समस्या नरहेको उनको भनाई छ । शक्ति सन्तुलनको आधारमा मुख्यमन्त्री जुन दलको हुन्छ, सभामुख अर्को दलले पाउने प्रस्ट व्यवस्था रहेको उनले बताए । नेता थपलियाले सत्ता गठबन्धनभित्र सरकारको नेतृत्व आधा-आधा कार्यकाल गर्ने लिखित सहमति भएकाले आगामी चैत महिनापछि एमालेले सरकारको नेतृत्व लिने बताए । प्रदेश सरकारको नेतृत्व परिवर्तन र संसद्को प्रभावकारिताका विषयमा एमालेले आफ्नो अडान स्पष्ट राखेकाले अबको केही समयमा राजनीतिक घटनाक्रमले नयाँ मोड लिने उनको भनाई छ ।

'मुख्यमन्त्रीज्यूले संघीय सरकार बनेपछि मात्र अगाडि बढ्ने भन्नुभएको छ । यद्यपि, चैतको अन्तिम वा वैशाखको सुरुतिर प्रदेशसभा बैठक बस्ने र नयाँ प्रक्रियाहरु अगाडि बढ्ने छ ।' उनले भने, 'नेपाली कांग्रेसले नेतृत्व गर्ने समय चैतसम्म मात्र हो । त्यसपछि एमालेको भागमा नेतृत्व आउने पुरानो अन्डरस्ट्यान्डिङ छ र यो विषय लिखित रुपमै भएको छ ।'

## बागमती प्रदेशमा मानवअधिकार

# सन् २०२५ मा ३ हजार भन्दा बढी घटना

समाज संवाददाता

हेटौंडा : सन् २०२५ मा बागमती प्रदेशमा मात्रै ३ हजार १ सय ९६ जना मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना भएका छन् । औपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालय काठमाडौंले बिहिबार हेटौंडामा बागमती प्रदेशको मानव अधिकारको अवस्था विषयक छलफलमा मानवअधिकार उल्लंघनका घटनाबारे विवरण सार्वजनिक गरेको हो ।

इन्सेकका अधिकृत बरुण बस्यालले प्रस्तुत गर्नुभएको प्रतिवेदनअनुसार कुल पीडितमध्ये १ हजार ९५ जना महिला, २ हजार ९३ जना पुरुष, १ जना तेस्रो लिङ्गी रहेका छन् भने ७ जनाको पहिचान खुल्न सकेको छैन । प्रदेशभर २ सय २९ जना बालअधिकार र ६ सय २० जना महिला अधिकारबाट पीडित भएका छन् । यस्तै विभिन्न अपराधका घटनामा परी १ हजार ८ सय ३९ जना घाइते भएका छन् । ९४ जनाको मृत्यु भएको तथ्याङ्क छ । मकवानपुर जिल्लाको अवस्थालाई हेर्दा ४२ जना महिला र ४ जना पुरुष गरी जम्मा ४६ जना पीडित भएका छन् । जसमा बाल अधिकारसम्बन्धी ९ जना, घरेलु हिंसाबाट २६ जना तथा बलात्कारका घटनामा २ जना महिला र ८ जना बालबालिका पीडित भएका छन् ।

सन् २०२५ मा देशभर परिवारबाटै १ सय ३ जना महिलाको हत्या भएको छ । जसमा मकवानपुरका मात्रै ३ जना रहेका छन् । दाइजोका कारण हिंसामा परेर देशभर १४४ जना पीडित भएका छन् । जसमध्ये पीडितको सङ्ख्या सबैभन्दा बढी मधेश प्रदेशको धनुषामा १२९ जना रहेको छ । देशभर बालअधिकार उल्लंघन तथा ज्यादतीबाट १ हजार ३ सय ४९ जना पीडित भएकोमा १३३७ बालिका र २२ जना बालक रहेका छन् । देशभर ५ हजार ९ सय ७१ जना महिला अधिकारबाट पीडित भएका छन् भने १४२ जना ज्येष्ठ नागरिक, १५ जनामाथि अमानवीय व्यवहार, २६८ जनाको हत्या र ७४ जना अपाङ्गता भएका व्यक्तिहरू पीडित भएको तथ्याङ्क तथ्याङ्कमा उल्लेख छ ।

इन्सेक बागमती प्रदेश संयोजक शिवप्रसाद खकुरेलको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री कञ्चन चन्द्र वादेको प्रमुख आतिथ्य रहेको थियो । सामाजिक विकास मन्त्री वादेले प्रदेश सरकार र मन्त्रालयले शिक्षा, बालबालिका संरक्षण, स्वास्थ्य, सामाजिक सुरक्षा र बालमैत्री शासनजस्ता विषयलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । यस्तै, कार्यक्रममा मानव अधिकार संरक्षक सञ्जाल बागमतीका संयोजक दीपेन्द्र ढकालले मानव अधिकारका कतिपय मुद्दाहरू वर्षौंदेखि अदालतमा विचाराधीन रहेको कुरा उल्लेख गर्दै मानव अधिकारको प्रभावकारी संरक्षणका लागि न्याय प्रणालीलाई बलियो र चुस्त बनाउनुपर्ने बताउनु भयो । साथै मानव अधिकारमैत्री कानुनको निर्माण आवश्यक रहेको उहाँको भनाइ छ । व्यक्तिगत स्वार्थ पूरा हुनुलाई मात्र मानव अधिकार ठान्ने प्रवृत्तिको आलोचना गर्दै उहाँले सामाजिक मुद्दाहरू उठाउनुपर्नेमा जोड दिनुभयो ।




# बालमैत्री पालिका घोषणा मात्रै ठूलो होइन

समाज संवाददाता

हेटौंडा : 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने मूल नाराका साथ बाल अधिकार तथा बाल संरक्षण विषयक मकवानपुर जिल्लास्तरीय कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति (जिसस) मकवानपुर र सिविन नेपालको संयुक्त आयोजनामा बिहिबार कार्यक्रम भएको हो ।

कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाकी महिला, बालबालिका तथा समावेशी महाशाखा प्रमुख विष्णु कुमारी लामिछानेले 'बाल अधिकार प्रवर्द्धनमा स्थानीय तहको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले सन् २०३० सम्ममा देशभरका सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने लक्ष्य रहे पनि हालसम्म करिब ३० वटा स्थानीय तह मात्रै बालमैत्री घोषणा भएको जानकारी दिनुभयो । उहाँले बालमैत्री स्थानीय शासन घोषणा गर्नु मात्र ठूलो कुरा नभई त्यसलाई दिगो बनाउनु र निरन्तरता दिनु चुनौतीपूर्ण रहेकोमा जोड दिनुभयो ।

प्रस्तुतीकरणका क्रममा लामिछानेले संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि-१९८९ मा उल्लेखित बाल अधिकारका चार आयामहरू (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका) बारेमा स्पष्ट पार्नुभयो । साथै, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी नियमावली २०७८, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लगायतका कानुनी प्रावधानहरु र स्थानीय तहमा बालमैत्री शासन कार्यान्वयनका लागि जारी गरिएका निर्देशिका र कार्यविधिहरूका बारेमा पनि चर्चा गर्नुभयो ।

कार्यक्रममा मकवानपुरका १० स्थानीय तहमध्ये भीमफेदी गाउँपालिका बाहेक अन्य ९ वटा पालिकाले बालमैत्री स्थानीय शासनका क्षेत्रमा भएका प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो । हेटौँडा उपमहानगरपालिकामा ९ वटा र भीमफेदी गाउँपालिकामा एउटा गरी मकवानपुरमा १० बाल गृह सञ्चालनमा रहेका छन् । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री कन्चन चन्द्र वादेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सानुकाजी लुईटेल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्याम खत्री लगायत विभिन्न संघसंस्थाका प्रतिनिधि र सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।



## सम्पादकीय

# सरकारबारे कौतुहलता

अहिले आम नेपाली नागरिक कौतुहलतासहित नयाँ सरकार गठनको पर्खाइमा छन् । २०७९ बैशाखमा भएको स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारको रुपमा काठमाडौं महानगरपालिकाको प्रमुख भएर चर्चामा आएका बालेन्द्र साह (बालेन) प्रधानमन्त्री बन्ने भएपछि स्वदेश तथा विदेशमा रहेका नेपालीहरु सरकार गठनको व्यग्र प्रतीक्षा गरिरहेका छन् । गत फागुन २१ गते मतदान सम्पन्न भएपछि राष्ट्रिय स्वतन्त्र पार्टीले अप्रत्यासित विजय हासिल गरेपछि नयाँ सरकारबारे चासो बढाएको हो । महानगरपालिकाको प्रमुखबाट राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट प्रधानमन्त्रीमा प्रस्तावित भएर झापा-५ मा पूर्वप्रधानमन्त्री तथा नेकपा एमाले अध्यक्ष केपी ओलीसँग प्रतिस्पर्धा गर्दै अत्यधिक मतसहित विजयी भएका बालेनले कस्तो सरकार गठन गर्छन् र कसरी काम गर्छन् भन्ने कौतुहलता बढाएको छ ।

भदौमा भएको जेनजी आन्दोलनका कारण तत्कालीन प्रतिनिधिसभा विघटन गरी प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा भएको थियो । जेनजी आन्दोलनमा पुराना राजनीतिक दलहरुप्रति व्यापक वितृष्णा उजागर भएका कारण यस पटकको निर्वाचनमा मतदाताले धेरै क्षेत्रमा नयाँ अनुहारलाई विजयी गराएका छन् । अघिल्लो संसदीय निर्वाचनअघि गठन भएको रास्वपामा बालेनको प्रवेशसँगै मतदाताको पहिलो रोजाइ नै उक्त दल भयो । प्रत्यक्षतर्फको एक सय ६५ मध्ये एक सय २५ क्षेत्रमा विजयी भएको रास्वपाले एक सय १० समानुपातिकमध्ये पनि ५७ सिट हासिल गऱ्यो । सरकार गठनका लागि एकल बहुमतमात्र नभई झण्डै दुई तिहाइ सदस्य पुऱ्याएको रास्वपा सरकार गठनको तयारीमा जुटिसकेको छ । संसद सचिवालयले आगामी चैत १२ गते प्रतिनिधिसभा सदस्यलाई सपथग्रहण गराउने कार्यक्रम तय भएकाले त्यसपछि लगत्तै सरकार गठन हुने अनुमान गरिएको छ ।


प्रतिनिधिसभा सदस्य निर्वाचनबाट ठूलो सफलता हासिल गरेको रास्वपाले विजयी सांसदहरुलाई काठमाडौंमा दुई दिन अभिमुखीकरण समेत गराइसकेको छ । रास्वपाबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरु अधिकांश युवा र पहिलो पटक संसदीय राजनीतिमा प्रवेश गरेको हुँदा रास्वपाले सपथअघि नै अभिमुखीकरण गरेको हो । यस पटक मकवानपुर जिल्लाको दुबै निर्वाचन क्षेत्रबाट पनि रास्वपाका उम्मेदवार विजयी भएका छन् । रास्वपाले नवप्रवेशी सांसदका लागि संसदीय अभ्यास, सांसदको भूमिका, व्यक्तिगत आचरण, अध्ययन, अनुसन्धानको विषयमा अभिमुखीकरण गराइएको बताइएको छ । रास्वपाबाट निर्वाचित भएकाहरु अधिकांश एक-आपसमा अपरिचित रहेका कारण अभिमुखीकरणले आपसमा परिचय गराउनुका साथै अनुभव आदानप्रदान हुनुलाई सकारात्मक मानिएको छ ।

सुशासन र पारदर्शितामा खरो देखिएका बालेन र उनको सरकार कस्तो बन्ला भन्ने चासो धेरैलाई छ । पुराना राजनीतिक दल तथा नेताको विरासत ढालेर मधेश, पहाड सबैतिर रास्वपाका उम्मेदवार जिताउन सफल बालेनको कार्यशैली कस्तो हुने हो भन्ने चासो पनि उत्तिकै छ । मन्त्रालयको संख्या घटाएर मन्त्रिमण्डलको आकार सानो बनाउने र विज्ञलाई मन्त्री बनाउने चर्चाले कसले सरकारमा जाने अवसर पाउला र सरकारको स्वरुप कस्तो होला भन्ने जिज्ञासा पनि धेरैमा छ । विगतमा भएका भ्रष्टाचारको छानविन गर्नुका साथै सेवा प्रवाह तथा विकास निर्माणका काम नयाँ सरकारले कसरी अघि बढाउँछ भन्ने थप प्रतीक्षाको विषय बनेको छ । विगतका सरकारको स्वरुप र कार्यशैलीका कारण निराश बनेका आम नेपालीमा नयाँ सरकारप्रति ठूलो आशा र विश्वास छ । नागरिकका आकांक्षा र सुधारका काम धेरै नै भएकाले त्यसलाई बालेन सरकारले कसरी पूरा गर्छ भन्ने कौतुहलता छिट्टै अन्त्य हुने सम्भावना देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : ठूलाले दिएको जिम्मेवारी पूरा गरिने समय छ ।
**वृष** : मिठो भोजनका लागि अनुकूल समय योग छ ।
**मिथुन** : जोस जाँगर पलाउने र मनमा खुशी हुनेछ ।
**कर्कट** : रोकिएका कामहरु प्रयत्नले सफल हुनेछ ।
**सिंह** : सकारात्मक विचारको उदय हुने समय छ ।
**कन्या** : नाम, दाम र प्रतिष्ठा प्राप्त हुने समय छ ।
**तुला** : प्रभाव र इज्जत बढ्ने समय योग देखिन्छ ।
**वृश्चिक** : आवेग र रिसराग नियन्त्रण गर्दा राम्रै रहने ।
**धनु** : मनोरञ्जन र रमझममा रमाइने समय योग छ ।
**मकर** : चिन्ता र शङ्का बढ्ने समय योग देखिन्छ ।
**कुम्भ** : बौद्धिक एवम् ज्ञानगुनका काममा रमाइने समय छ ।
**मीन** : अभिभावकको सेवा श्रुसुषामा समय व्यतित होला ।

# नेपालको 'ग्रोथ ट्र्याप' र बहुमतको सरकार



✍ राजन कुमार झा

आज छोराछोरी विकसित देश पुग्दा गर्व गर्ने र भविष्य सुरक्षित भएको ठानेर ढुक्क हुने मानसिकता अनि खाडीको भिसा लाग्नुलाई नै पनि सफलता मान्ने हाम्रो समाज देख्दा मनमा केही प्रश्न अनायासै तेर्सिन्छन् । आखिर कहिलेसम्म आफ्ना छोराछोरीलाई परदेश पठाएर गर्व गरिरहने ? के हामी सधैं युवा निर्यात र सामान आयात गर्ने निरीह राष्ट्रकै रूपमा बाँचिरहने हो ? विगतमा कयौं सरकार र बजेट फेरिए पनि हामी भुइँमान्छेको अवस्था जहाँको त्यहीं हुनुको कारण के होला ? पसिना बगाउने किसान र उत्पादकले मल, अनुदान, सहुलियत र बजार नपाउने तर कागज मिलाउने टाठाबाठा र बिचौलियाले मात्रै सबैथोक कुम्ल्याउने यो कस्तो अर्थतन्त्र हो ? आफ्नै देशमा केही गरौं भन्ने उद्यमीले पाइलैपिच्छे प्रशासनिक हन्डर मात्रै किन खानुपर्ने ? यतिबेला बैंकको ब्याजदर सस्तो हुँदा पनि लगानी गर्न लगानीकर्ताले किन हिम्मत गर्न नसकेका होलान् ? आखिर यो आर्थिक दुर्गतिका लागि हाम्रा नीति निर्माता जिम्मेवार छन् कि नीति नै कब्जा गर्ने स्वार्थ समूह ?

यी साधारण लाग्ने तर गम्भीर प्रश्नहरूको उत्तर खोज्न हामीले दशकौंदेखि अर्थतन्त्रलाई गाँजिरहेको 'ग्रोथ ट्र्याप' को निर्मम विश्लेषण गर्नैपर्छ । अर्थशास्त्रमा ग्रोथ ट्र्याप भन्नाले संरचनात्मक कमजोरी र न्यून उत्पादकत्वका कारण अर्थतन्त्र लामो समयसम्म एउटा गतिहीन अवस्थामा खुम्चिरहने प्रक्रियालाई जनाउँछ । नेपाल अहिले ठ्याक्कै यही चेपुवामा छ ।

सरकारले १६औं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६) मार्फत ७ प्रतिशत आर्थिक वृद्धिको महत्त्वाकांक्षी लक्ष्य तय गरिरहँदा विश्व बैंकको पछिल्लो 'ग्लोबल इकोनोमिक प्रोस्पेक्ट्स' (जनवरी २०२६) ले नेपालको वृद्धिदर केवल २.१ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ । यो तथ्यांक झन् काहालीलाग्दो त्यतिबेला देखिन्छ, जब हामी हाम्रा छिमेकी देशहरू भारतको ७.५ प्रतिशत, चीनको करिब ५ प्रतिशत र बंगलादेशको ५.६ प्रतिशतको उच्च आर्थिक गतिशीलतालाई नियाल्छौं ।

छिमेकीको यो लोभलाग्दो दौड र हाम्रो आफ्नै सुस्तताले के पुष्टि गर्छ भने अब खुद्रे सुधारले मात्र हाम्रो अर्थतन्त्रलाई उँभो लगाउन सम्भव छैन । हामीलाई एउटा यस्तो संरचनात्मक सुधार चाहिएको छ, जसले उत्पादनलाई विमुख गराएर 'ट्रेडर इकोनोमी' मा रमाइरहेको वर्तमान ढाँचालाई नै बदलिदियोस् । यस्तो चुनौतीपूर्ण घडीमा जब मध्यपूर्वको बढ्दो भूराजनीतिक तनावले हाम्रो रेमिट्यान्स लाइफलाइन समेत जोखिममा पारेको छ, मुलुकले करिब दुई तिहाइ नजिकको अभूतपूर्व जनमतसहितको शक्तिशाली सरकार बन्ने मार्गप्रशस्त गरिदिएको छ ।

यो जनादेश सत्ता प्राप्तिका लागिमात्र दिइएको होइन, बरु दशकौंदेखिको आर्थिक शिथिलता, भ्रष्टाचार र बिचौलियातन्त्रको जालो तोडेर साहसिक रूपान्तरणको मार्गप्रशस्त गर्न हो र यसको सार्थकता तबमात्र हुनेछ,जब यसले स्वदेशमै सम्भावना र आत्मविश्वासको नयाँ जग खडा गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणको बाटोमा मुलुकलाई अग्रसर गराउने छ । तसर्थ, अबको स्थिर सरकारले अर्थतन्त्रको जगमै गर्नुपर्ने केही साहसिक नीतिगत हस्तक्षेप र प्रणालीगत सुधार बारे चर्चा गरौं :

### उत्पादन र निर्यातको खडेरी नै ग्रोथ ट्र्यापको मुख्य कारक

अर्थतन्त्रको संरचनात्मक सुधारका लागि उत्पादन र निर्यातको यो टिठलाग्दो अवस्था बदल्नुको अब विकल्प छैन, किनकि आफ्नै उत्पादनको जग भुलेर केवल आयातित वस्तु उपभोगमा रम्ने हाम्रो परनिर्भर प्रवृत्तिले ग्रोथ ट्र्यापको पासोलाई झन् कसिलो बनाउँदै लगेको छ । १ रुपैयाँको सामान विदेश पठाउँदा ७ रुपैयाँभन्दा बढीको सामान भित्र्याउनुपर्ने १ बराबर ७ को भयावह व्यापार घाटाले हाम्रो आर्थिक धरातल कति कमजोर छ भन्ने यथार्थ ऐना झैं छर्लङ्ग पारिसकेको छ ।

विडम्बना के छ भने नेपालसँग जलविद्युत्, कृषि प्रशोधन, सूचना प्रविधि र खानीजन्य उद्योगजस्ता दर्जनौं क्षेत्रमा प्रचुर सम्भावना र तुलनात्मक लाभ भए तापनि हामीले त्यसलाई अवसरमा बदल्न सकेका छैनौं । हाम्रा प्राकृतिक स्रोत र स्वदेशी कच्चापदार्थ न्यून मूल्यमा निर्यात गर्ने वा खेर फाल्ने वर्तमान परिपाटी बदलेर स्वदेशमै प्रशोधन मार्फत मूल्य अभिवृद्धि गर्न सकेमात्र अर्थतन्त्रमा वास्तविक र दिगो टेवा पुग्ने निश्चित छ ।

तर, यस्ता सम्भावनायुक्त क्षेत्रलाई काँध थाप्नुको सट्टा राज्यले नै अनेकौं नीतिगत र प्रशासनिक जटिलता थोपरिदिएको देखिन्छ । पछिल्ला राजनीतिक नेतृत्वको अदूरदर्शिता, एक अर्कासँग बाझिने अव्यवहारिक ऐन-कानुन र प्रशासनिक सुस्तता नै यसका मुख्य अवरोध हुन् भन्ने आम जनगुनासो छ ।

### मूल्य अभिवृद्धि र औद्योगिक दूरदृष्टि

प्रशासनिक संयन्त्रमा देखिएको यही जडता र नीतिगत अन्योल चिर्न अब खुद्रे सुधार होइन, बरु स्पष्ट औद्योगिक दूरदृष्टि र मूल्य अभिवृद्धिको नयाँ मानक स्थापित गर्न जरुरी छ । निर्यातको जग बसाल्न सामान विदेश पठाउनु मात्र पर्याप्त छैन, यसका लागि देशभित्रै उपलब्ध स्रोत र साधन अधिकतम मूल्य अभिवृद्धि गरी आन्तरिक सामर्थ्य सुदृढ बनाउनु अनिवार्य हुन्छ ।

यस सन्दर्भमा सिमेन्ट, फलाम र जडीबुटी मात्र नभई जलविद्युत्, उच्च मूल्यका कृषि उपज, सूचना प्रविधि र पर्यटन जस्ता हाम्रा तुलनात्मक लाभ भएका क्षेत्रले मुलुकको आर्थिक कायापलटका लागि कति महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने तथ्य गम्भीरतापूर्वक मनन गर्न आवश्यक छ । जब हामी यस्ता उत्पादन वा सेवा निर्यात गर्छौं, त्यहाँ एउटा वस्तुमात्र गइरहेको हुँदैन, बरु हाम्रै प्राकृतिक स्रोत, नेपाली श्रमिकको श्रम र आफ्नै माटोको मौलिकतालाई एउटै प्याकेजमा राखेर हामीले विदेशी मुद्रा आर्जन गरिरहेका हुन्छौं ।

तर, कतिपय क्षेत्रमा मुलुक आत्मनिर्भर बनेर निर्यातको ढोका ढकढक्याइरहँदा पनि राज्यका तर्फबाट हुनुपर्ने लजिस्टिक सहजीकरण, पूर्वाधार र घोषित सहुलियत कार्यान्वयनमा उस्तै सुस्तता विद्यमान देखिन्छ । नीतिगत स्पष्टता र अन्तरनिकाय समन्वय अभावमा लगानीकर्ताहरू कुहिरोको काग जस्तै अलमलमा पर्नु राष्ट्रिय समृद्धिका लागि शुभ संकेत होइन । विगतमा पाम आयलजस्ता न्यून मूल्य अभिवृद्धि हुने वस्तु निर्यातको अंक देखाएर रमाउने प्रवृत्तिले हाम्रो अर्थतन्त्रको जग कहिल्यै बलियो बनाउन नसक्ने हुनाले अबको स्थिर सरकारले वास्तविक राष्ट्रिय सामर्थ्य भएका क्षेत्रलाई काँध थाप्नुपर्ने बेला आएको छ । उच्च मूल्य अभिवृद्धि हुने वस्तुको सूक्ष्म पहिचान गरी कच्चापदार्थदेखि बजारसम्मको आपूर्ति शृङ्खलामा राज्यले सहयोगी भूमिका निर्वाह गर्ने हो भने मात्रै मुलुकमा व्यापक औद्योगिकीकरणको लहर आउन सक्छ ।

### औद्योगिक रिक्तता र सेवा क्षेत्रको 'बबल'

आर्थिक विकासको एउटा स्वाभाविक मार्ग हुन्छ कृषिबाट सुरु भएर उद्योग हुँदै सेवा क्षेत्रतर्फको यात्रा, तर नेपालका सन्दर्भमा भने बीचको यो औद्योगिक जग नै हराइरहेको देखिन्छ । कुल गार्हस्थ उत्पादन (जीडीपी) मा वास्तविक उद्योगको हिस्सामात्र ५-६ प्रतिशतमा खुम्चिनु यसैको परिणाम हो, जसले गर्दा हामी उद्योगमा बलियो नबन्दै सिधै सेवा क्षेत्रतर्फ धकेलिएका छौं । उद्योग नफस्टाउँदा हाम्रो सेवा क्षेत्र केवल आयातित सामानको व्यापार र कम मूल्य अभिवृद्धि हुने खुद्रे सेवामा सीमित हुन पुगेको छ ।

विश्व बैंकका अनुसार औद्योगिक संकुचन र सेवा क्षेत्रको यो असन्तुलित विस्तार नेपालको दीर्घकालीन विकासका लागि ठूलो चुनौती बन्न सक्छ । पछिल्ला वर्षहरूमा नेपालको आर्थिक वृद्धिदर लक्ष्यभन्दा निकै तल खुम्चिँदा त्यसको प्रत्यक्ष मार उत्पादनमूलक क्षेत्रमा पर्न गएको थियो । नतिजा स्वरूप, लगानीकर्ताहरू उच्च जोखिमयुक्त उद्योग र उत्पादनभन्दा तुलनात्मक रूपमा सुरक्षित मानिने आयातमुखी व्यापारतर्फ आकर्षित हुनु एउटा बाध्यकारी तर विडम्बनापूर्ण यथार्थ बन्यो । तर, मुलुकको दिगो विकास र समृद्धिको सपना साकार पार्न अब यो परिस्थिति र लगानीको यो असन्तुलित प्रवृत्ति फेरिनै पर्छ ।

### "पोलिसी प्यारालाइसिस" र बिचौलियातन्त्रको "नेक्सस"

मुलुकको औद्योगिक आधार मजबुत हुन नसक्नुको अर्को मुख्य कारण स्रोतहरूमाथि रहेको बिचौलियाको अस्वाभाविक नियन्त्रण र नीतिगत अलमललाई मानिन्छ । बजारमा यस्तो बिचौलिया संस्कृति हाबी भएको देखिन्छ जसले उत्पादन प्रणालीलाई नै बन्धक बनाएको भान हुन्छ, जहाँ खेतमा पसिना बगाउने किसानले उचित मूल्य नपाउने तर उपभोक्तासम्म पुग्दा वस्तुको मूल्य आकासिने गरेको यथार्थ छ । यस्ता प्रवृत्तिले राज्यका संयन्त्रलाई प्रभावित पार्दै स्वस्थ प्रतिस्पर्धालाई नै निषेध गरिरहेको विश्लेषण गरिन्छ, जसले गर्दा बजारमा फेयर प्लेको सम्भावना कमजोर भई मुलुक सधैं ग्रोथ ट्र्यापको अँध्यारो सुरुङमै अल्झिरहेको प्रष्ट छ ।

यसैको प्रत्यक्ष असर हाम्रा प्राकृतिक स्रोत उपयोगमा पनि प्रतिविम्बित भएको सुनिन्छ । एकातिर स्वदेशी वनका काठहरू कुहिएर जाने र अर्कातिर अर्बौंको विदेशी काठ आयात हुने विरोधाभासपूर्ण खेल वर्षौंदेखि चलिरहेको छ । गिट्टी-बालुवा र ढुंगा निर्यातको मुद्दामा त चुरे विनाशको भावनात्मक र वातावरणीय बहस उठाएर वैधानिक निकासी बन्द गरिने तर त्यसकै आडमा अनौपचारिक तहबाट दोहन भइरहने कुरा सार्वजनिक भइरहन्छन् । यस्ता स्रोतल वैज्ञानिक पद्धतिबाट उत्खनन गरी औद्योगिक उपयोग वा निर्यातको बाटो खोल्नुको साटो छुनै नहुने बनाएर राख्दा अर्थतन्त्र नै परनिर्भरताको चेपुवामा परेको छ ।

अबको स्थिर सरकारले यस्ता नीतिगत र प्रणालीगत अड्चन सम्बोधन गर्न विकसित देशहरूको अभ्यास जस्तै 'फेसलेस' र 'डिजिटल प्रशासन' मार्फत सेवाग्राही र कर्मचारीबीच प्रत्यक्ष भेट न्यून गर्दै लैजानु नै भ्रष्टाचार र बिचौलियाको प्रभाव घटाउने सबैभन्दा उत्तम उपाय हो ।

### वैश्विक अनुभव र आर्थिक क्रमभंगता

नेपालका सन्दर्भमा देखिएको नीतिगत अन्योल र बिचौलियातन्त्रको जालो चिर्न विश्वका सफल प्रयोगहरू हाम्रा लागि एउटा बलियो उदाहरण हुन सक्छन् । जस्तै, सन् २००३ अघिको जर्जियामा पनि प्रशासन र अर्थतन्त्र आजको नेपालमा जस्तै भ्रष्टाचारले थिलथिलो भएको थियो तर 'रोज रिभोलुसन' पछि आएको नयाँ नेतृत्वले नीतिगत क्षेत्रमा साहसिक र ठोस कदम चाल्दै त्यहाँका सयौं अनावश्यक लाइसेन्स र प्रशासनिक झमेला तथा अवरोध रातारात खारेज गरिदियो, जसले गर्दा व्यवसाय गर्ने वातावरणमा नाटकीय सुधार आयो र भ्रष्टाचारले थलिएको जर्जिया आज व्यापारिक सहजता (बेस्ट कन्ट्री फर डुइङ बिजनेस) मा विश्वकै अग्रणी देश बन्न सफल भएको छ ।

उता, भियतनामले कर्मचारीतन्त्रका झन्झट पन्छाउँदै आफूलाई 'म्यानुफ्याक्चरिङ हब' बनायो भने बंगलादेशले तयारी पोसाकसँगै कच्चापदार्थका उद्योग स्वदेशमै खडा गरेर जुन 'मल्टिप्लायर इफेक्ट' सिर्जना गऱ्यो, त्यो हाम्रा उत्पादनमूलक उद्योग र समग्र औद्योगिक विकासका लागि एउटा स्पष्ट मार्गचित्र हुन सक्छ ।

त्यस्तै गृहयुद्धको खरानीबाट उठेर अफ्रिकी सिंगापुर बनेको रुवान्डाले दृढ इच्छाशक्ति भए भूपरिवेष्ठित हुनु विकासमा बाधक हुँदैन भन्ने प्रमाणित गरिदिएको छ । अब हामीले पनि भूगोलको यो सीमालाई कमजोरी मान्न छोडेर 'ल्यान्डलक्ड' बाट 'ल्यान्डलिंक्ड' र 'डिजिटल्ली-लिंक्ड' अर्थतन्त्रको आधुनिक बाटो समात्न ढिला गर्नु हुँदैन । आखिर समृद्धिका लागि प्राकृतिक स्रोत हुनुमात्र ठूलो कुरा होइन रहेछ, त्यसलाई सही ढंगले प्रयोग गर्ने राजनीतिक आँट र प्रष्ट नीति नै मुख्य कुरा हो भन्ने तथ्य आजसम्मको तितो अनुभवले हामीलाई राम्ररी बुझाइसकेको छ ।

### 'ट्रेडर इकोनोमी' बाट 'म्यानुफ्याक्चरिङ' मा रूपान्तरण ऐतिहासिक अवसर

अब बन्ने बहुमतको स्थिर सरकारका लागि यो समय नेपालको अर्थतन्त्रलाई नयाँ दिशा दिने एउटा अभूतपूर्व अवसर हो । विगतका अस्थिर सरकारहरूले अर्थतन्त्रको संरचनागत सुधारका लागि कुनै पनि महत्त्वपूर्ण र साहसिक निर्णय लिएका उदाहरण बिरलै भेटिन्छन् । बरु, विभिन्न स्वार्थ समूहसँग मिलेर आफ्नै र ती समूहको मात्र पक्षपोषण गर्ने कार्यशैलीको उपज स्वरुप आज हाम्रा उद्योग र उत्पादनमुखी नीतिहरू बढारिएर कुनामा थन्किएको टिठलाग्दो यथार्थ हाम्रा सामु छ ।

तर, आगामी सरकारसँग बलियो जनमत र राजनीतिक सामर्थ्य दुवै हुने भएकाले ती स्वार्थ समूहको घेरा तोडेर अर्थतन्त्रको मूल संरचना नै बदल्ने यो सबैभन्दा उपयुक्त बेला हो । आगामी सरकारले समृद्धिको यात्रा तय गर्नका लागि निम्न पाँच रणनीतिक स्तम्भमा टेकेर तत्काल साहसिक कदम चाल्नु अपरिहार्य देखिन्छ :

#### उत्पादनमुखी भन्सार नीति

कच्चापदार्थ र तयारी वस्तुको भन्सार दरमा कम्तीमा दुई तहको अन्तर कायम गरी निजी क्षेत्रलाई ट्रेडिङबाट म्यानुफ्याक्चरिङतर्फ आकर्षित गर्ने ।

#### स्थिर नीतिगत ग्यारेन्टी

स्वदेशी लगानीकर्ताको विश्वास जित्न तथा वैदेशिक लगानी आकर्षित गर्न औद्योगिक र कर नीतिमा कम्तीमा १० वर्षसम्म कुनै नकारात्मक परिवर्तन नहुने वैधानिक सुनिश्चितता प्रदान गर्ने ।

#### रणनीतिक आर्थिक पुल

चीन र भारतबीचको ट्रेड लिंक बन्न विशेष कार्यदल गठन गरी नेपाललाई दुई विशाल अर्थतन्त्र जोड्ने व्यापारिक केन्द्रका रूपमा विकास गर्ने ।

#### करको दायरा विस्तार

आयकर र भ्याटको दरलाई वैज्ञानिक ढंगले पुनरावलोकन गर्दै कर छली रोक्ने र राजस्वको आधार फराकिलो बनाउने ।

#### निर्यात करिडोर र ऊर्जा उपयोग

सिमेन्ट, फलामजन्य उत्पादन (स्टिल) र जडीबुटी जस्ता उच्च सम्भावना भएका क्षेत्रका लागि डेडिकेटेड निर्यात करिडोर बनाउने, सूचना प्रविधि र पर्यटनलाई समृद्धिको आधार मान्ने तथा बिजुलीलाई स्वदेशी उद्योगको मुख्य ऊर्जाका रुपमा प्रयोग गरी आयातित कच्चापदार्थमा अधिकतम मूल्य अभिवृद्धि गर्दै वस्तु निर्यात गर्ने ।

त्यस्तै अब बन्ने सरकारले पाँच वर्षको प्रष्ट मार्गचित्र बोकेर आउनुपर्छ । पहिलो वर्षमै उद्योग र लगानीलाई खुम्च्याउने बाधक ऐनहरू हटाउने साहस गरौं, ताकि तेस्रो वर्षसम्म पुग्दा हाम्रो निर्यातले जीडीपीमा १५ प्रतिशतको हिस्सा ओगट्न सकोस् ।

पाँचौं वर्षसम्म पुग्दा उत्पादन क्षेत्रको योगदानलाई १२ प्रतिशत पुऱ्याउने र प्रतिव्यक्ति आय १ हजार ८ सय डलर नघाउने अठोट तथ्यांकमात्र नभई समृद्ध नेपालको एउटा बलियो जग बन्नुपर्छ । यदि आजै यस्तो साहसिक संरचनागत सुधारको बाटो रोजिएन भने हाम्रो अर्थतन्त्र सधैं यही ग्रोथ ट्र्यापको भुमरीमै अल्झिरहने छ । त्यसैले यो ऐतिहासिक जनमतलाई अर्थतन्त्रको जग सुधार्ने र औद्योगिक समृद्धिको एउटा नयाँ अध्याय लेख्ने अवसरका रूपमा बदलौं । *(स्रोत: अनलाईनखबर)*

# एसईई र विद्यार्थीको चिन्ता : जब परीक्षा अत्यधिक बोझ बन्छ



✍ नेहा केसी

केही वर्षअघि एसईई (माध्यमिक शिक्षा परीक्षा) सुरु हुनुअघि कक्षा १० का एक विद्यार्थी शान्त रूपमा मेरो कार्यकक्ष बाहिर उभिएका थिए । उनले कुनै गल्ती गरेका थिएनन्, परीक्षाको तयारी पनि गरिरहेकै थिए । उनले सुनाए- उनी राति राम्रोसँग सुत्न सकेका छैनन् । केही हप्तादेखि उनलाई पेट दुख्ने समस्या पनि थियो, तर चिकित्सकलाई देखाउँदा कुनै शारीरिक समस्या देखिएन । यही बोकेर आएका थिए, ती विद्यार्थी।

हरेक वर्ष हजारौं नेपाली विद्यार्थी एसईईमा सहभागी हुन्छन् । तर परीक्षा कक्षमा प्रवेश गर्नुअघि नै धेरै विद्यार्थीहरू परीक्षासँग जोडिएका अपेक्षाहरूका कारण थकित र चिन्तित भइसकेका हुन्छन् । परीक्षा नजिकिँदै जाँदा ज्वरो आउने, टाउको दुद्ने, पेट दुख्ने, वाकवाकी, अत्यधिक थकान हुने र बारम्बार बिरामी पर्नु सामान्य जस्तै देखिन्छ ।

यस्ता लक्षणलाई प्रायः बहाना ठानिन्छ, तर वास्तविकतामा यी गहिरा मानसिक तनावका संकेत हुन् । परीक्षा नजिकिँदै गर्दा धेरै बालबालिको मनले भन्न खोजिरहेको हुन्छ, 'म पढ्न सक्दिन होइन, म यो दबाब सम्हाल्न सकिरहेको छैन ।'

### जब चिन्ता शरीरमार्फत बोल्छ

किशोरावस्थामा भावनात्मक तनाव सधैं शब्दमा व्यक्त हुँदैन । धेरैजसो अवस्थामा चिन्ता शारीरिक रूपमा देखिन्छ । परीक्षा समयमा बारम्बार बिरामी पर्नु भनेको 'शरीरलाई के भयो ?' भन्ने मात्रै होइन 'मनमा के बोझ छ ?' भनेर सोध्नु पर्ने संकेत हो ।

हार्वर्ड मेडिकल स्कुल (२०२३) को न्युरोसाइन्स अनुसन्धान अनुसार दीर्घकालीन तनावले शरीरको 'फाइट अर फ्लाइट' प्रणाली सक्रिय बनाउँछ, जसले कोर्टिसोल हर्मोन बढाउँछ । यसका कारण टाउको दुखाइ, पेटसम्बन्धी समस्या, थकान, रोग प्रतिरोधात्मक क्षमता कमजोर हुनु र ध्यान केन्द्रित गर्न गाह्रो हुनु जस्ता समस्या देखिन्छन् विशेषगरी उच्च दबाबयुक्त परीक्षामा ।

यी संकेतलाई बेवास्ता गर्दा विद्यार्थीले आफ्नो पीडालाई कमजोरी ठान्न थाल्छन्, चेतावनी होइन ।

लक्षण चाँडै चिनेर अभिभावक र विद्यालयले दबाब होइन, सहानुभूति देखाउन सके विद्यार्थीहरू आत्मनियन्त्रणमा फर्कन्छन्, ध्यान केन्द्रित गर्न सक्छन् र डरभन्दा आत्मविश्वासका साथ परीक्षा

...बाँकी पृष्ठ ३ मा

# एस्ट्रोनोभामा समर स्टिम क्याम्प तथा एक्स्पो २०८३ हुने



कार्यक्रमबारे जानकारी दिँदै आयोजक ।

समाज संवाददाता

हेटौंडा : हेटौंडास्थित एस्ट्रोनोभा फाउण्डेसनद्वारा सञ्चालित अनुसन्धान तथा आविष्कार केन्द्रले समर स्टिम क्याम्प तथा एक्स्पो २०८३ गर्ने भएको छ । बिहिबार पत्रकार सम्मेलन गर्दै फाउण्डेसनले आफ्नो तेस्रो संस्करणको क्याम्प तथा एक्स्पो २०८३ बारे जानकारी दिएको हो ।

हेटौंडा उपमहानगरपालिकाको समन्वय तथा आर्थिक सहयोगमा आगामी बैशाख ९ गतेदेखि ४५ दिनसम्म हेटौंडा-५, लट्टीनाथमार्गस्थित फाउण्डेसनको आफ्नै परिसरमा क्याम्प हुने भएको छ । यसपछि हुने एक्स्पोको मिति र स्थान भने पछि तय गरिने फाउन्डेसनका व्यवस्थापकीय निर्देशक आयुष बस्नेतले जानकारी दिनुभयो । क्याम्पमा हेटौंडा उपमहानगर पालिकाभित्रका ६ कक्षादेखि १२ कक्षासम्म अध्ययनरत विद्यार्थीहरु सहभागी हुन पाउने छन् । यस क्याम्पमा विशेषगरी एसइइ दिने विद्यार्थीलाई प्राथमिकतामा राखिने समेत आयोजकले जनाएको छ । विज्ञान, प्रविधि, इनिजनियरिङ तथा गणित अन्तर्गतका क्षेत्रमा अब्बल प्रतिभा भएका विद्यार्थीहरुले यि विषयलाई व्यवहारिक तथा समास्या हल गर्नेतर्फ उन्मुख गराउने उद्देश्यले ३० दिन कक्षा सञ्चालन गर्ने र १५ दिन समस्या समाधानका लागि सिर्जनात्मक परियोजनामा सामेल हुने फाउण्डेसनले जनाएको छ । उक्त अवधिमा सहभागी विद्यार्थीहरुले आफ्नो रुचि अनुसार रोबोटिक्स, कोडिङ, गणित, साहित्य, इन्जिनियरिङ लगायतका विषयहरुमध्ये कुनै एक वा दुइ विषय छनौट गरी अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन् । यि विषयहरुमा चासो तथा क्षमता परीक्षण मार्फत छानिएर प्रत्येक विधामा १५ जना विद्यार्थीका दरले कुल १५० जना विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ति प्रदान गरिने आयोजकले जनाएको छ । यस क्याम्पमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरुलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञान मेलाहरुमा प्रतिनिधित्व गर्दै सहभागी हुने अवसर दिइने समेत अध्यक्ष बास्तोलाले जानकारी दिनुभयो ।

नवप्रर्वतन तथा प्रविधिको प्रयोगात्मक ज्ञानको अभिवृद्धि गर्ने उद्देश्यले क्याम्प गर्न लागिएको फाउण्डेसनका संस्थापक अध्यक्ष किसन बास्तोलाले बताउनुभयो । परिवर्तनशील विश्व परिवेशमा शिक्षा प्रणाली केवल सैद्धान्तिक ज्ञानमा सीमित नरही व्यवहारिक सीप, प्रवर्तनशील सोच तथा प्रविधिमैत्री दक्षता विकासतर्फ उन्मुख हुनु अत्यन्त आवश्यक भएकोले क्याम्पसँगै एक्सपोको आयोजना गर्न लागिएको पनि बास्तोलाले स्पष्ट पार्नुभएको छ । विशेषगरी विद्यालय तहका विद्यार्थीलाई प्रारम्भिक अवस्थामै वैज्ञानिक चिन्तन, समस्या समाधान क्षमता र सिर्जनात्मकता अभिवृद्धि गर्ने अवसर प्रदान गर्न सके मात्र उनीहरूलाई भविष्यको प्रतिस्पर्धात्मक एवम् सक्षम बनाउन सकिन्छ भन्ने मान्यताका साथ एष्ट्रोनोभा फाउण्डेशन नेपालद्वारा यसप्रकारका कार्यक्रम आफुहरुले गर्दै आएका उहाँले स्पष्ट पार्नुभयो ।

काठमाडौं विश्वविद्यालयअन्तर्गत स्कुल अफ एजुकेसनको समेत आवद्धता रहेको यस कार्यक्रमका लागि हेटौंडा उपमहानगरपालिका शिक्षा महाशाखाले नगर क्षेत्रका बिद्यालयहरुमार्फत समन्वय गर्नेछ । यस क्याम्पमा हेटौंडा नगर क्षेत्र बाहेक अन्य पालिकाका इच्छुक विद्यार्थीहरु पनि सशुल्क सहभागी हुन पाउने आयोजकले जनाएको छ ।

# कम्बोडियाबाट २० नेपालीको उद्धार

काठमाडौं : कम्बोडियामा विभिन्न कारणले अलपत्र परेका २० नेपालीको उद्धार गरिएको छ । विभिन्न प्रलोभनमा परेर कम्बोडिया पुगेका उनीहरुलाई थाइल्याण्डको बैंककस्थित नेपाली दूतावासले उद्धार गरेको हो । दूतावासका अनुसार उद्धार गरिएकाहरु अनलाइन स्क्यामिङ केन्द्रहरू, अनलाइन ठगी गर्ने क्यासिनोहरू र अन्य विभिन्न गैरकानुनी काममा लगाइएका र विनाभिसा बसिरहेका व्यक्तिहरु हुन् ।

दूतावासको पहल र कम्बोडियाको सरकारको सहयोगमा उनीहरुलाई उद्दार गरिएको हो । उद्धार गरिएकाहरुलाई गैरआवाशीय नेपाली संघ, कम्बोडियाको सहजीकरणमा बुधबार नै काठमाडौं पठाइएको छ । उनीहरु शुक्रबार त्रिभुवन विमानस्थलमा अवतरण भएका छन् । अलपत्र परेका अन्य व्यक्तिहरु पनि रहेको सूचना प्राप्त भएको र उनीहरुलाई पनि फर्काउन पहल भइरहेको दूतावासले जानकारी दिएको छ ।

कम्बोडियामा कठिन अवस्थामा रहेका नेपालीहरुलाई बैंककस्थित दूतावास वा गैरआवासीय नेपाली संघ कम्बोडियाका प्रतिनिधिहरु (शिवराज पराजुली +८५५ १२ २१५ ५७८, लालसिहं खडका +८५५ ९३ २०३ ६६६, रामजीकुमार क्षेत्री +८५५ ९६ ३४६ ५७८८ )लाई सम्पर्क गर्न पनि आग्रहर गरिएको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धि तथ्याङ्क अनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपालीहरु भ्रमण भिसामा कम्बोडिया गएकोमा सन् २०२२ मा १९७७ जना, सन् २०२३ मा २९४० जना, सन् २०२४ मा ६, ४०४ जना तथा सन् २०२५ मा ९, ६७६ जना नेपालीहरू कम्बोडिया पुगेका छन् ।

दूतावासले कुनै प्रलोभनमा नपरी नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र कम्बोडिया, लाओस, म्यानमार थाइल्याण्डलगायतका मुलुकहरूमा नजान सचेत गराएको छ । *स्रोत : अनलाइनखबर ।*

## प्रतिनिधिसभामा १७९ पुरुष, ९६ जना महिला

काठमाडौं : फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा १७९ पुरुष र ९६ जना महिला सांसद निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बिहीबार विज्ञप्ति जारी गरी २७५ जना सदस्य रहेको प्रतिनिधिसभामा १७९ पुरुष र ९६ जना महिला सांसद निर्वाचित भएको बताएका हुन् ।

निर्वाचन आयोगले समावेशी विवरणअनुसार आदिवासी जनजाति समूहतर्फ २१.०९, खसआर्य समूहतर्फ ४९.०९, थारु समूहतर्फ ३.२७, दलित समूहतर्फ ६.१८, मधेशी समूहतर्फ १६.७३ र मुस्लिम समूहतर्फ ३.६४ प्रतिशत सदस्य निर्वाचित भएको जनाएको छ । यो निर्वाचनमा प्रत्यक्षतर्फ ६१ वटा चुनाव चिह्नमा ६५ वटा दल र समानुपातिक निर्वाचन प्रणालीतर्फ ५७ वटा निर्वाचन चिह्नमा ६३ राजनीतिक दल सहभागी भएका थिए ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

## *एसईई र विद्यार्थीको...*

सामना गर्न सक्षम हुन्छन् ।

### किशोरावस्था र अभिभावक-सन्तान सम्बन्ध

एसईई किशोरावस्थाको संवेदनशील चरणसँगै पर्छ । यस समयमा अभिभावक-सन्तान सम्बन्ध स्वाभाविक रूपमा परिवर्तन हुन्छ । कतिपय बालबालिका अझै आश्वासन खोज्छन् भने कतिपय सल्लाहबाट टाढा रहन्छन् । अभिभावकले सल्लाह दिँदा च्याठिने, रिसाउने गर्छन् वा मौन बन्छन् । यसलाई प्रायः असम्मान ठानिन्छ ।

युनिसेफ (२०२३) को अनुसन्धानअनुसार १४देखि १६ वर्षको उमेरमा देखिने प्रतिरोधी व्यवहार विकासको सामान्य चरण हो । यस उमेरमा किशोर-किशोरीहरु आफ्नो पहिचान, स्वायत्तता र आत्मनिर्णय खोजिरहेका हुन्छन्, तर भावनात्मक सुरक्षाको आवश्यकता अझै रहन्छ । उनीहरूको प्रतिक्रिया अवज्ञा होइन, आन्तरिक द्वन्द्वको संकेत हो ।

अभिभावकले ३.९ वा सोभन्दा माथिको जीपीए लक्ष्य राख्न आग्रह गर्दा 'जे हुन्छ, हुन्छ' भन्ने जवाफ आउन सक्छ । तर यस पछाडि असफलताको डर, चिन्ता वा भावनात्मक थकान लुकेको हुन्छ । धेरै विद्यार्थी स्वतन्त्रता चाहने र बुझाइ खोज्नेबीच डोलाइरहेका हुन्छन् ।

### निगरानी कि अर्थपूर्ण सहयोग ?

अभिभावकको निगरानी आवश्यक छ, तर त्यसको तरिका महत्त्वपूर्ण हुन्छ । 'तँ सधैं मोबाइलमै हुन्छस्', 'पढ्दैनस्' जस्ता टिप्पणीले सहयोगभन्दा पनि निरीक्षण भइरहेको अनुभूति गराउँछ ।

अर्थपूर्ण सहयोग भनेको साथ दिनुहोस्, विश्वास गर्नुहोस्, र बच्चालाई आफ्नै गति र क्षमतामा अघि बढ्न दिनुहोस्

### -खुला प्रश्न सोध्नु

उपदेशदिनु भन्दा बढी सुन्ने

### -नियन्त्रण होइन, मार्गदर्शन गर्नु

बालबालिका तब खुल्छन् जब उनीहरू सुरक्षित महसुस गर्छन्, निरन्तर मूल्यांकन भइरहेको होइन ।

### 'मलाई भाग्न मन लाग्छ'

'म पढ्न चाहन्न, म यहाँबाट भाग्न चाहन्छु' जस्ता वाक्यलाई नाटक वा अल्छीपन ठान्नु हुँदैन । यी भावनात्मक अत्यधिक दबाब, असफलताको डर वा आत्मविश्वास गुमेको संकेत हुन् । धेरै विद्यार्थी सोध्छन्, 'कक्षा १२ अझै महत्वपूर्ण छ भने कक्षा १० मा किन यति धेरै दबाब ? एसईईले भविष्य नै निर्धारण गर्छ भन्ने धारणा गलत भए पनि, निरन्तर तुलना र अपेक्षाबीच बाँचिरहेका विद्यार्थीका लागि यो अत्यन्त वास्तविक हुन्छ ।

### तुलना र समान परिणामको भ्रम

अर्को ठूलो तनावको स्रोत तुलना हो । कसैले धेरै मिहिनेत गरेर पनि कम अंक ल्याउँछ, कसैले कम पढेजस्तो देखिएर पनि राम्रो गर्छ । घरघरमा सुनिने वाक्य, 'यो त कहिल्यै पढेको देखिएन, तर कति राम्रो मार्क्स ल्यायो ।' तर अंकले बुद्धिमत्ता, प्रयास वा भविष्यको सम्भावना मापन गर्दैन । सिकाइको शैली, गति, मार्गदर्शन भावनात्मक तयारी फरक-फरक हुन्छ ।

### एसईई समयमा के वास्तवमै सहयोगी हुन्छ ?

-यथार्थपरक दिनचर्या
-दबाब होइन, अध्ययन विधिमा मार्गदर्शन
-पोषण र निद्रा

*(लेखक नेहा केसी स्वस्ती श्री गुरुकुल स्कूलकी प्रिन्सिपल हुन् । स्रोतः अनलाईनखबर)*

# बालजीवन ज्योतिको वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडा : मकवानपुरको मनहरी गाउँपालिका-१, मकरीस्थित बालजीवन ज्योति माध्यमिक विद्यालयको ३०औं वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम बुधबार सम्पन्न भएको छ । बागमती प्रदेशका सामाजिक विकास मन्त्री कन्चन चन्द्र बादेको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह भएको हो ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरी, मनहरी गाउँपालिका शिक्षा शाखाका लक्ष्मण अधिकारीको पनि आतिथ्य रहेको थियो । विद्यालयको गतवर्षको आयव्यय लगायत सम्पूर्ण गतिविधिहरूको प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रमहरू विद्यालयका प्रधानाध्यापक एकराज गौतमले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको अवसरमा विद्यालयमा लामो समय सेवा गरी सेवानिवृत्त हुनुभएका शिक्षक उद्धव ढकाललाई बिदाइ गरिएको थियो । अन्य विद्यालयमा सरुवा भई जानुभएका शिक्षकहरूलाई पनि बिदाइ गरियो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक-शिक्षिका, अभिभावक तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा विद्यार्थीहरूले विभिन्न साँस्कृतिक प्रस्तुती तथा प्रतिभा प्रदर्शन गरी उपस्थित सबैलाई मनोरञ्जन र उत्साह प्रदान गरेका थिए । साथै विद्यालयको शैक्षिक, खेलकुद तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट प्रदर्शन गर्ने शिक्षक विद्यार्थीहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो ।

# राष्ट्रपतिलाई निर्वाचन प्रतिवेदन पेश


राष्ट्रपति रामचन्द्र पौडेललाई निर्वाचन प्रतिवेदन बुझाइँदै ।

काठमाडौं : निर्वाचन आयोगले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचनको मतपरिणामसहित प्रतिवेदन पेस गरेको छ । बिहीबार आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तहरु डा. जानकीकुमारी तुलाधर र सगुनशम्शेर जबरा तथा आयोगका सचिव कृष्णबहादुर राउत लगायत पुगेर राष्ट्रपति समक्ष प्रतिवेदन बुझाएका हुन् । आयोगले प्रतिवेदन बुझाएसँगै संसद् अधिवेशन आह्वान गर्न र नयाँ सरकार गठन प्रक्रिया अघि बढ्ने बाटो खुलेको छ । प्रतिवेदन अध्ययनपछि राष्ट्रपति पौडेलले अब प्रक्रिया अघि बढाउनेछन् ।

**बुधबारे बालसाहित्य**

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक**

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरका, तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।**

(सूचना प्रकाशित मिति २०८२/१२/०६ गते शुक्रबारको समृद्ध समाज राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधि भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाई ऋणी, प्रोप्राइटर तथा जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्वद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

तपसिल

| क. ऋणी तथा जमानतकर्ताको विवरण : | |
| --- | --- |
| **१. ऋणी : कविता लामा** (ना.प्र.नं. १५३०२२/४३१, जारी मिति २०६३/१२/२१, प्रतिलिपि जारी मिति २०७२/०८/२०, जिल्ला प्रशासन कार्यालय सिरहा) स्थायी ठेगाना : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ५ (साविक धनगढी गा.वि.स. वडा नं. ६) । हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ । बाबु : चन्द्रमान तामाङ्ग । पति/ससुरा : सन्तोष कुमार तामाङ्ग / मोहन बहादुर तामाङ्ग । | **जमानतकर्ता : सन्तोष कुमार तामाङ्ग** (ना.प्र.नं. २४०४, जारी मिति २०५८/११/०६, प्रतिलिपि जारी मिति २०६८/०६/२९, जिल्ला प्रशासन कार्यालय सप्तरी) । स्थाई ठेगाना : सप्तरी जिल्ला, सुरुङ्गा न.पा. वडा नं. ०३ (साविक दौलतपुर गा.वि.स. वडा नं. १), हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. १२ । बाबु : मोहन बहादुर तामाङ्ग । बाजे : लाल बहादुर तामाङ्ग । |

**धितो सम्पत्तिको विवरण :**

१. ऋणी **कविता लामा**को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५, कित्ता नं. १३४७ क्षेत्रफल ०-१-०-० (बिघा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ....१

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

## हार्दिक श्रद्धाञ्जली



जन्म : २००८

स्वर्गारोहण : २०८२/११/२४

**स्व. आशालाल खड्गे**

रबिन्द्र मिटसपका संचालक रबिन्द्र खड्गे ज्यूको पुजनीय बुवा र भुटनदेवी खड्गी गुठी समाजको सदस्य एवम् शुभचिन्तक **आशालाल खड्गे** ज्यूको यहि मिति २०८२ साल फाल्गुन २४ गतेका दिन ७४ वर्षको उमेरमा असामयिक निधनको खबरले हामी मर्माहत भएका छौं । दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **आज १३ औं दिनको पूण्यतिथि**मा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित समवेदना प्रकट गर्दछौं ।

**शान्तकी खड्गी**
अध्यक्ष

**रविन शाही**
महासचिव

**एवम् माछामासु व्यवसायी संघ मकवानपुर परिवार**

**भूटनदेवी खड्गी गुठी समाज परिवार**

**हेटौंडा, मकवानपुर**

# नयाँ प्रधानमन्त्रीको शपथ १३ गते

काठमाडौं : राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले नयाँ सरकार गठनको प्रक्रिया अघि बढाएको छ। बिहीबार राष्ट्रपतिसमक्ष निर्वाचन आयोगले मतपरिणाम सार्वजनिक गरेसँगै रास्वपाका शीर्ष नेताहरू छलफलमा जुटेका थिए। छलफलका क्रममा यही चैत १३ गते नयाँ प्रधानमन्त्री नियुक्ति र शपथ गर्नेगरी अन्य सम्बन्धित निकायसँग परामर्श गर्ने मोटामोटी सहमति जुटेको रास्वपा महामन्त्री कबिन्द्र बुर्लाकोटीले जानकारी दिए।

'१३ गते नयाँ प्रधानमन्त्रीले शपथ लिनेगरी छलफल भएको छ। हामीले मात्रै मिति तय गरेर मात्रै पनि हुँदैन। अन्य पक्षसँग पनि गर्नुपर्ने आवश्यक छलफल भोलिबाटै अघि बढाउँछौं,' महामन्त्री बुर्लाकोटीले भने। साथै, सोही दिन मन्त्रिपरिषद् पनि गठन गर्नेगरी छलफल अघि बढेको उनले जानकारी दिए। यद्यपि मन्त्रिपरिषद्को आकार र व्यक्तिबारे भने टुंगो नलागेको उनी बताउँछन्।

छलफलमा सहभागी रहेका रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेका अनुसार १२ गते सांसदहरूले शपथ लिनासाथ अन्य विषय पनि अघि बढ्छन्। '१२ गते सांसदहरूको शपथ छ। हामीले नयाँ सरकार गठन गर्नका लागि आवश्यक छलफल अघि बढाएका छौं,' वाग्लेले भने। संघीय संसद् सचिवालयले १२ गतेका लागि सांसदहरूको शपथग्रहण कार्यक्रम आयोजना गरिसकेको छ। सांसदहरूको शपथ लगत्तै भोलिपल्टै प्रधानमन्त्रीको शपथ गराउनेगरी तयारी अघि बढाइएको हो। रास्वपाले निर्वाचन अघि नै बालेन शाहलाई प्रधानमन्त्री बनाउने सहमति गरेको थियो। सोही अनुसार, बालेनलाई नै संसदीय दलको नेता चयन गरेर प्रधानमन्त्री नियुक्त गर्नेगरी रास्वपा अघि बढेको हो।

रास्वपाले गत २१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनमा १८२ सिट प्राप्त गरेको छ। यो भनेको झण्डै दुई तिहाइ मत हो। यही मतका आधारमा रास्वपाले एकल सरकार गठन गर्न लागेको हो। संघीय संसद् सचिवालयले १६ गते संघीय संसद्को अधिवेशन बोलाउनेगरी तयारी अघि बढाएको छ। यसबारे आजै दिउँसो बसेको सर्वदलीय बैठकमा पनि संसद् सचिवालयका अधिकारीहरूले ब्रिफिङ गरेका थिए।

*स्रोत : अनलाइनखबर।*

### राष्ट्रिय महिला भलिबल

# बागमतीमा २ सिटमा ६ जनाको उम्मेदवारी



*राष्ट्रिय महिला भलिबलमा प्रतिस्पर्धा गर्दै खेलाडी।*

समाज संवाददाता

हेटौंडा : हेटौंडामा जारी राष्ट्रिय महिला भलिबल प्रतियोगिताबाट मकवानपुर जिल्ला भलिबल संघको टिम बाहिरिएको छ। बिहीबार भएको खेलमा न्यू डाईमण्ड क्लबसँग पराजित भएसँगै मकवानपुरको टिम प्रतियोगिताबाट बाहिरिएको हो।

दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा जारी प्रतियोगितामा यसअघि बुधबार प्रतियोगिताको उद्घाटन खेलमा मकवानपुरको टिम स्टेप रामपुर भलिबल क्लबसँग पराजित भएको थियो। बिहीबार महोत्सवस्थल हेटौंडा-१० टिसिएन चौरमा भएको खेलमा न्यू डायमण्ड क्लबले मकवानपुर जिल्ला भलिबल संघलाई ३-० को सोझो सेटमा हरायो। डायमण्ड क्लबले मकवानपुरलाई २५-६, २५-६ र २५-११ ले सहजै हरायो।

त्यसअघि बिहीबार भएको पहिलो खेलमा केशवलाल स्मृति प्रतिष्ठानले जनशक्ति युवा क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो। प्रतिष्ठानले जनशक्ति क्लबलाई २५-१०, २५-१० र २५-१३ ले पराजित गरेको हो। प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको छ। प्रतियोगिताको विजेता टिमले नगद ३ लाख रुपैयाँ तथा उपविजेता टिमले २ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। सेमीफाइनलमा पराजित हुने दुई टिमले समान नगद ५० हजार रुपैयाँ प्राप्त गर्ने छन्।

### प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२

# एक मतदाता बराबर २८४ रुपैयाँ खर्च

काठमाडौं : फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन प्रतिमतदाता २८४ रुपैयाँ खर्च भएको निर्वाचन आयोगले जनाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनको समग्र प्रतिवेदनसहितको निर्वाचन परिणाम राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाइसकेपछि बिहिबार आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन खर्चलाई मितव्ययी बनाउन आयोगबाट यसअघि खरिद भएका सामग्री प्रयोगको नीति लिइएको जानकारी दिए।

निर्वाचन सामग्री खरिदमा सरकारको स्वमित्वमा रहेका सङ्गठित संस्थासँग सम्झौता गरी खरिद गरिएको पनि उनले बताए। पचास प्रकारका निर्वाचन सामग्रीमध्ये ३७ प्रकारका निर्वाचन सामग्री प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाटै खरिद गरिएको थियो। तेह्र प्रकारका सामग्री आयोगबाट खरिद भई जिल्लागत रूपमा ढुवानी गरिएको थियो। निर्वाचन प्रयोजनका लागि आयोगबाट रु सात अर्ब ८१ करोड पाँच लाख ७६ हजार माग गरिएकोमध्ये अर्थ मन्त्रालयबाट रु छ अर्ब ७६ करोड ६६ लाख ९० हजारको स्रोत सहमति प्राप्त भएको थियो। प्राप्त रकममध्ये हालसम्म रु तीन अर्ब ५४ करोड २८ लाख ७९६ खर्च भएको छ।

खर्चको दायित्व सिर्जना भएकोमध्ये केही रकम भुक्तानी गर्न बाँकी रहेको जानकारी आयोगले गराएको छ। निर्वाचनमा स्वदेशी र विदेशी पर्यवेक्षकले पर्यवेक्षण गर्ने व्यवस्था मिलाइएकामा अन्तरराष्ट्रिय पर्यवेक्षणतर्फ २२ वटा कूटनीतिक निकायका १६४ जना प्रतिनिधि र तीन वटा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूले पर्यवेक्षण गरेका थिए। राष्ट्रियतर्फ ३५ वटा गैरसरकारी संस्थाले पर्यवेक्षण गरेका थिए। विशिष्ट परिस्थितिमा घोषणा भएको प्रतिनिधिमूलक लोकतन्त्रको यस अभ्यासमा सहभागी भई आफ्नो मताधिकार मार्फत प्रतिनिधि चुन्ने, कानुन निर्माण र राज्य सञ्चालन प्रक्रियामा संलग्न हुने एवं सरकार निर्माण तथा शासन सञ्चालनमा सहभागी हुने प्रक्रियालाई पूर्णता दिएकामा सम्पूर्ण मतदाताहरुमा आयोग धन्यवादसहित आभार प्रकट गरेको छ।

निर्वाचन सम्पन्न गराउने कार्यमा संलग्न भई आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत, सबै सुरक्षा निकाय, निर्वाचनमा संलग्न कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, अन्तरराष्ट्रिय समुदाय, सञ्चारमाध्यम एवं सञ्चारकर्मी सबैप्रति पनि आयोगले धन्यवाद प्रकट गरेको छ।

*स्रोत : अनलाइनखबर।*

# हेटौंडा-१५ मा खानेपानी र एम्बुलेन्स सेवा निशूल्क




समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ को कार्यालयले वडाबासीले प्रयोग गर्ने न्यूनतम १० हजार लिटर पानी निशूल्क वितरण गर्ने भएको छ। वडा कार्यालयले वडावासीलाई न्यूनतम १० हजार लिटर पानीको शुल्क वडाले नै व्यहोर्ने जनाएको छ।

वडा कार्यालयले बिहीबार एक कार्यक्रम गर्दै गत पुसमा भएको नगर सभाले पास गरेको संशोधित बजेट मार्फत खानेपानीको न्यूनतम शूल्क नलिने वडाध्यक्ष सुनिल मोक्तानले जानकारी दिनुभयो। संशोधित बजेटमार्फत वडाले २ हजार ३ सय ६ घरधुरीलाई लक्षित गरी न्यूनतम महसुल निशूल्क गर्ने निर्णय गरेको जनाएको छ। वडाबासीहरुलाई न्युनतम १० हजार लिटर पानीको शुल्क बराबर बार्षिक रुपमा २४ लाख भन्दा बढी लाग्ने अनुमान गरेको वडा अध्यक्ष मोक्तानले स्पष्ट पार्नुभयो। चालु आर्थिक वर्षको माघदेखि असार मसान्तसम्मका लागि यसै शिर्षकमा ११ लाख ८५ हजार बजेट बिनियोजन समेत गरिएको वडा अधयक्ष मोक्तानले कार्यक्रममा बताउनुभयो।

वडाभित्रका १९ वटा टोलविकास संस्था मार्फत उपभोक्ताका न्युनतम शुल्कको बिलसहित वडा कार्यालयमा उपस्थित हुनुपर्ने र वडा कार्यालयले सम्बन्धित खानेपानी सेवा प्रदायक संस्थालाई शुल्क तिरिदिने वडा कार्यालयले जनाएको छ। टोल विकास संस्थाहरुलाई सक्रिय तथा थप जिम्मेवार बनाउनका लागि वडाले टोल विकास संस्थाहरु मार्फत प्रक्रिया गराउने निर्णय गरेको समेत अध्यक्ष मोक्तानले स्पष्ट पार्नुभयो। यसअघि हेटौंडा उपमहानगरपालिकाले खानेपानीको न्यूनतम महसुल निशूल्क गरेको थियो।

१० हजार लिटर भन्दा बढी पानी उपभोग गरेको अवस्थामा पूरै शुल्क लाग्ने छ। यद्यपी उपमहानगरपालिकाले यसै आर्थिक वर्षबाट सो कार्यक्रम कटौती गरेको थियो। वडा कार्यालयले भने न्यूनतम शुल्क सबै वडाबासी उपभोक्ताहरुको मिनाहा गर्ने र अधिकतम उपभोग पानीको थप मुल्य मात्र तिर्नुपर्ने वडा कार्यालयले जनाएको छ।

बिहिबार नै वडा कार्यालयले बिरामी भई एम्बुलेन्स तथा उपचारमा रगतको खर्च वापतको रकम पनि उपलब्ध गराउन सुरुवात गरेको छ। वडा कार्यालयले बिरामीलाई अस्पतालसम्म लैजान एकतर्फी एम्बुलेन्स भाडा खर्चबापत वडाले रकम प्रदान गरेको हो। कार्यक्रममा वडाले माघ यता सो कार्यक्रम सुरु भएपछि निशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका २ जनालाई सो बापतको १० हजार बराबरको रकम प्रदान गरिएको थियो। असारसम्म परीक्षणको रुपमा हेर्न लागिएको यस कार्यक्रमका लागि वडाले ५० हजार रुपैयाँ बजेट बिनियोजन गरेको समेत जनाइएको छ। वडाबासीलाई खानेपानीमा सहुलियत तथा स्वास्थ्य सेवामा सस्तो पहुँच दिनका लागि सुरु गरिएका यि दुवै कार्यक्रम प्रभावकारी भएमा आउँदा वर्षहरुमा पनि निरन्तर चलिरहने वडा अध्यक्ष सुनिल मोक्तानले उल्लेख गर्नुभयो।

# मोटरसाइकल दुर्घटना १ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : सिन्धुली जिल्लामा मोटरसाइकल दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ। दुर्घटनामा परी २ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बिपि राजमार्गअन्तर्गत सिन्धुलीको सुनकोशी गाउँपालिका-६, घुमाउने चैनपुरमा बुधबार चैनपुरबाट खाल्टेतर्फ जाँदै गरेको बा प्र ०२-०२७ प ११०० नम्बरको मोटरसाइकल सिन्धुलीबाट काठमाडौंतर्फ जाँदै गरेको प्र ३-०२-०१४ प ८३६० नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाएर दुर्घटना भएको थियो। दुर्घटनामा ११०० नम्बरको मोटरसाइकल चालक सुनकोशी-६ का ३२ वर्षीय कैलाश तोलाङ्गेल, सोही मोटरसाइकलमा पछाडि सवार ४९ वर्षीय दिपेन्द्र केसी घाइते भएका छन्। घाइते दुवै जनालाई आत्मिय सामुदायिक अस्पताल खाल्टेमा उपचार पश्चात थप उपचारका लागि काठमाडौं पठाइएको छ।

त्यस्तै, अर्को मोटरसाइकलका चालक रामेछापको मन्थली नगरपालिका-६ का ४५ वर्षीय डल्ले माझीको आत्मिय सामुदायिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। दुवै सवारी साधन इलाका प्रहरी कार्यालय खुर्कोटको नियन्त्रणमा रहेको छ।

**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

नेपाल हृदयरोग निवारण प्रतिष्ठान, मकवानपुर शाखाको २०औं वार्षिक साधारण सभा तपसिलमा हुने हुँदा उक्त कार्यक्रममा संस्थाका सम्पूर्ण सदस्यहरुको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं।

**तपसिल**
मिति : २०८२ चैत्र ७ गते शनिबार।
समय : बिहान १०:३० बजेदेखि दिउँसो १:३० बजेसम्म।
स्थान : हेटौंडा-४, भुवनेश्वर पशुपति मन्दिरको सभाहल

**विजय कुमार वैद्य**
**सभापति**
**नेपाल हृदयरोग निवारण प्रतिष्ठान, मकवानपुर शाखा**

# 'मेरो विद्यालय, मेरो गौरव'



*कार्यक्रममा सहभागी शिक्षकहरु।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालयले शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यालयको शिक्षक-अभिभावक संघका पदाधिकारीका लागि 'मेरो विद्यालय, मेरो गौरव' भन्ने मूलभावसहित अभिमुखीकरण कार्यक्रम भएको छ। विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यसहित कार्यक्रमको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले जानकारी दिनुभयो।

कार्यक्रममा चितवन जिल्लास्थित नारायणी नमुना माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक पूर्णप्रसाद दवाडीले सहजीकरण गर्नुभएको थियो। तालिममा सहभागी शिक्षकहरूले आगामी दिनहरूमा कक्षाकोठा प्रवेश तथा अध्ययन अध्यापनमा सिकाएका विषयवस्तुहरूलाई समावेश गरी बाल मनोविज्ञानमा आधारित शिक्षणमा अझ बढी जोड दिनका लागि उत्प्रेरणा प्राप्त भएको प्रतिक्रिया दिएका छन्। जनप्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन प्रसाद बस्ताकोटीको सभाध्यक्षता तथा नगरप्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रम उत्साहजनक भएको बताइएको छ। कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको सामाजिक विकास समितिका संयोजक तथा १६ नम्बर वडाध्यक्ष रामकृष्ण कोइरालाको विशिष्ट आतिथ्य रहेको थियो। हामीले नगरे कस्ले गर्ने ? अहिले नगरे कहिले गर्ने ? जनप्रियको शान हामी सबैको मान भन्ने भनाइ मनन् गर्नुपर्नेमा प्रधानाध्यापक भुपेन्द्र चौलागाईले बताउनुभयो।

**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं।

**प्रो. ज्ञान रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

खुल्ने समय: बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मनहरीमा सवारी दुर्घटना, ३ जना घाइते

समाज संवाददाता

हेटौंडा : मनहरीमा सवारी दुर्घटना हुँदा ३ जना घाइते भएका छन्। प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी-७ लच्कामा बुधबार मनहरीबाट लोथरतर्फ जाँदै गरेको ना २ ह ५५०२ नम्बरको अटोलाई सोहि दिशातर्फ जाँदै गरेको ग २ च ७१३८ नम्बरको बोलेरो ठक्कर दिँदा दुर्घटना भएको थियो।

दुर्घटनामा अटो चालक मनहरी-७, रमनटारका ३४ वर्षीय अशोक लामा, अटोमा सवार मनहरी-६, नयाबस्तीका २६ वर्षीय रोशन प्रजा र चितवन जिल्लाको राप्ती नगरपालिका-१, लोथरकी ५१ वर्षीया सीता कँडेल घाइते भएका छन्।

घाइतेहरुलाई उपचारका लागि मनहरी अस्पताल पठाइएको छ। दुवै गाडी र बोलेरो चालक लमजुङको मध्य नेपाल नगरपालिका-८ का ३१ वर्षीय गणेश बोटे इलाका प्रहरी कार्यालय मनहरीको नियन्त्रणमा रहेको छ।




**आगलागी हुन नदिऔं**

- खाना पकाईसक्ने बित्तिकै आगो निभाइहालौं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास चुहिन नदिऔं।
- सलाई, लाइटर बालबालिकाले भेट्ने ठाउँमा नराखौं।
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। यसको आगो राम्ररी निभाऔं।
- धूपबत्ती, दियो बाल्दा नजिकै तेल, कागज र कपडाजस्ता बस्तु नराखौं।
- बिजुलीका तार,प्लग, स्वीच वा वायरिङ नियमित जाँच गरौं।
- मल्टिप्लग, पानी तताउने किल्ली, टिभी लगायत उपकरण काम सकिने बित्तिकै बन्द गरौं।
- खेतबारीमा आगो लगाउने काम नगरौं।
- जोखिममा रहेको घरवस्ती नजिकै कुनै तरिकाले पानीको जोहो गरौं। सेउला, माटो, बालुवा थुपारेर राखौं।
- स्थानीय तहले फायर पम्प लगायतका आगलागी नियन्त्रण गर्ने उपकरणको जोहो गरौं।

जनहितका लागि
**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ